त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय

# काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा विद्यावारिधि
( पीएच्. डी.) उपाधिका निमित्त
मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत
शोध–प्रबन्ध

शोधार्थी
धन बहादुर कुँवर
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६२

# शोध–निर्देशकको सिफारिस

**काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू** शीर्षकमा सह-प्राध्यापक श्री धन बहादुर कुँवरले मेरो निर्देशनमा विद्यावारिधि उपाधिको प्रयोजनका लागि अनुसन्धान कार्य गर्नु भएको हो ।

आफ्नो अनुसन्धानको क्रममा श्री कुँवरले पूर्व साहित्यको विश्लेषण गर्नुका साथै क्षेत्रगत अध्ययनको सिलसिलामा सम्बद्ध पक्षबाट पर्याप्त नयाँ सामग्रीहरू सङ्कलन गरी तिनबाट प्राप्त सूचनाहरू समाविष्ट गराएर आफ्नो अनुसन्धान कृतिलाई स्तरीयता प्रदान गर्नु भएको अनुभव गरिएको छ । शोध-ग्रन्थमा पूणतः व्यवस्थित, वस्तुगत र विषयगतरूपमा विश्लेषण र मूल्याङ्कन गरिएको पाइन्छ । यसमा शोधार्थीले प्राज्ञिक अनुशासनमा रहेर लगनशीलता र गम्भीरताका साथ आफ्नो शोध–कार्य सम्पन्न गर्नु भएको छ ।

उपर्युक्त आधारमा प्रस्तुत शोध–प्रबन्धको आवश्यक मूल्याङ्कनका लागि मानविकी तथा सामाजिकशास्त्र सङ्काय समक्ष सिफारिस गर्दछु ।

असार, २०६३

( प्रा.डा. जगदीशचन्द्र रेग्मी )

*शोध-निर्देशक*

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

# शोध–प्रबन्ध समितिको स्वीकृति

श्री धनबहादुर कुँवरले प्रस्तुत गर्नु भएको **काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू** शीर्षकको शोध–प्रबन्ध विद्यावारिधि उपाधिका निमित्त सिफारिस गर्दछौं ।

## स्वीकृति गर्ने शोध–प्रबन्ध समिति

( प्रा.डा. जगदीशचन्द्र रेग्मी )
*शोध-निर्देशक*

( प्रा.डा. प्रेमकुमार खत्री )
*शोध-विशेषज्ञ*

( प्रा.डा. पेशल दाहाल )
*शोध-विशेषज्ञ*

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग,
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

असार ,२०६३

# कृतज्ञता ज्ञापन

नेपाल एउटा बहुजात-जाति, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक जस्ता विविधताले भरिएको मुलुक भए तापनि यहाँको समाज प्राचीनकालदेखि नै हिन्दू वर्ण व्यवस्थाको प्रभावमा रहिआएको छ । यहाँ हिन्दूलगायत बौद्ध धर्मावलम्बी र जनजातिहरूलाई समेत तागाधारी, मतवाली, पानी नचल्ने र छोइछिटो हाल्नु पर्नेमा वर्गीकरण गरिएको पाइन्छ । यहाँको नेवार समुदाय पनि नेपालको एउटा लामो इतिहास र संस्कृति बोकेको सुसभ्य जाति हो । यस भित्र पनि यस्ता विभिन्न जात समूहहरू रहेका छन् । कुसले जाति पनि यसै समुदायको एउटा महत्त्वपूर्ण जात समूह हो, जसलाई यहाँ बिभिन्न प्रसङ्गमा जात र जाति भनेर प्रयोग गरिएको छ । मैले यसै जातिमा आधारित भएर **काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू (Socio-Religious life of Kusales of Kathmandu Valley and Patterns of Change)** शीर्षकमा विद्यावारिधिका लागि प्रस्तुत शोध कार्य गरेको हुँ ।

नेपालमा धेरै जात जातिहरू भए पनि अद्यापि ती सबैको बारेमा अध्ययन अनुसन्धान नहुँदा उनीहरूको उत्पत्ति, धर्म संस्कृति, परम्परा र चालचलनको बारेमा पर्याप्त प्रकाशमा आउन सकेको छैन । नेपालको राजधानी काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवार समुदायका कतिपय जात जातिहरूको फरक-फरक स्थिति र संस्कृति भए पनि धेरैलाई जानकारी भएको पाइदैन । धेरै जात-जाति र फरक-फरक रीतिरिवाज भएको यो समुदायका नेवारहरूलाई जनजाति भन्ने गरिन्छ । परम्परागत व्यवहारमा उच्च जातदेखि लिएर छोइछिटो हाल्न पर्ने जातहरु भएको नेवार समुदायलाई एउटै जाति मान्दा एकातर्फ धेरै जात-जातिहरुको जातीय अस्तित्व मेटिने स्थिति रहेको छ भने अर्कातर्फ कतिपय जात-जातिहरू एकै किसिमको जातीय परिचय दिन अग्रसर रहेको देखिन्छ ।

यसै प्रसङ्गमा काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवार समुदायभित्रको कपाली अथवा दर्शनधारी भनिने कुसले जाति सन् १८५४ को मुलुकी ऐनमा पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने (touchable unclean caste) वर्गमा पर्ने जात समूह हो । सन् १९६३ को नयाँ मुलुकी ऐन र सन् १९९० को संविधानले मुलुकमा जाति भेद गर्न नपाइने व्यवस्था गरे तापनि व्यवहारमा भने अद्यापि त्यो निमिट्यान्न हुन सकेको देखिंदैन । यस शोधमा कतिपय प्रसङ्गमा कपाली तथा दर्शनधारी नभनी काठमाडौंको

जनबोलीमा प्रचलित कुसले नाममात्र प्रयोग गरिएको छ । काठमाडौं, ललितपुर, भक्तपुर, ठिमी र कीर्तिपुर क्षेत्रलाई अनुसन्धानको अध्ययन क्षेत्र बनाइएको हुँदा प्रस्तुत सामग्रीहरू निर्धारित स्थानहरूबाट नै सङ्कलन गरिएको छ । यस अध्ययनको क्रममा वि.स. २०५९/६० मा स्थलगत भ्रमण गरेर सर्वेक्षण र अध्ययन गरिएको हो ।

सामग्री सङ्कलन गर्ने क्रममा विशेष गरी काठमाडौंको सहरी क्षेत्रमा कपाली समाजको सक्रियतामा यो समाज निकै सचेष्ट भएको देखिन्छ भने अन्य सहरी क्षेत्रहरू यसको तुलनामा राजनैतिक, आर्थिक तथा शैक्षिक र चेतनाको क्षेत्रमा पछाडि नै परेको देखिन्छ । यस अध्ययनमा प्रस्तुत गरिएका अधिकाँश सामग्रीहरू भक्तपुर र ठिमी क्षेत्रमा प्राप्त गर्न सकियो भने त्यसको तुलनामा ललितपुर र काठमाडौंमा कम उपलब्ध गर्न सकिएको छ ।

यहाँ मैले दु:खका साथ भन्नु पर्छ कि काठमाडौंका यस जातिका केही व्यक्तिहरू बाहेक अरूले पुराना सामग्रीहरू उपलब्ध गराएर सहयोग गर्न चाहेको पाइएन । विशेष गरी यस कार्यमा ठिमी र भक्तपुर क्षेत्रमा यस जातिका मानिसहरूबाट धेरै सहयोग पाएको छु ।

यस शोध कार्यलाई पूरा गरी यो अवस्थामा ल्याउनका लागि व्यस्त भएर पनि शोध निर्देशक आदरणीय प्रा.डा. जगदीशचन्द्र रेग्मीको निर्देशन, प्रेरणा, सुझाव र व्यवहारप्रति जति आभार व्यक्त गरे पनि कम हुनेछ । शोध विशेषज्ञ आदरणीय गुरू प्रा.डा. प्रेम कुमार खत्री र शोध विशेषज्ञ आदरणीय प्रा.डा. पेशल दाहालले दिनु भएको मार्ग दर्शन, उत्साहप्रद हौसला र आवश्यक परामर्श चीरस्मरणीय रहनेछ । उहाँहरूले आफ्नो बेफूर्सदीमा पनि मेरो शोध कार्यका निमित्त समय दिनु भएकोमा आभार व्यक्त गर्दछु । उहाँहरूकै निर्देशन एवं सल्लाहले गर्दा मैले यो शोध कार्यलाई यस अवस्थामा ल्याउन सकेको हुँ । यसरी शोध निर्देशक र शोध विशेषज्ञहरूले प्रेरणादायी मार्ग निर्देशन दिनु भएकोमा उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

यो जातिको बारेमा अध्ययन अनुसन्धान कार्य पूरा गर्न हाल मानविकी तथा सामाजिक शास्त्र संकायमा डीन प्रा.डा. रमेशराज कुँवरले बेला बेलामा घच्घचाएर हौसला दिनु भएकोमा आभारी छु । त्यस्तै सोही संकायका पूर्व डीन प्रा.डा. त्रिरत्न मानन्धरले मेरो शोध विषय छनौट गर्नेदेखि सुझाब र समयमै शोध पूरा गर्न प्रदान गर्नु भएको प्रेरणालाई मार्गदर्शनका रूपमा लिएको छु । त्यसैले उहाँहरू दुबै जनाप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यलाई छिटो पूरा गर्न निरन्तर बौद्धिक सल्लाह दिएर घच्घच्याउनु हुने लोकसेवा आयोगका सदस्य प्रा.डा.गणेशमान गुरुङ, श्री जगमान गुरुङ, श्री नारायण गुरुङ र श्री खड्ग बहादुर थापाको प्रेरणा चिरस्मरणीय रहने छ । यसै क्रममा आवश्यक सुझाव र सल्लाहा दिनुको साथै व्यस्त भएर पनि पाण्डुलिपि शुद्धाशुद्धि हेर्ने कार्य गरेर श्री नेत्रप्रसाद ज्ञवालीले अविस्मरणीय सहयोग गर्नु भएकोमा हृदयदेखि नै साधुवाद व्यक्त गर्दछु । शोध कार्य गर्ने क्रममा बेलाबेलामा हौसला र सुझाब दिनु हुने नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय विभागका विभागीय प्रमुख तथा आदरणीय गुरू प्रा.डा. मुकुन्दराज अर्याल, सहकर्मी डा. दिनेशचन्द्र रेग्मी, डा. वीणा पौडेल (घिमिरे) र श्री ध्रुव कुमार क्षेत्रीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

अनुसन्धानको सिलसिलामा विशेष गरेर श्री सौभाग्य प्रधानाङ्गले मेरो स्थलगत अध्ययनमा भक्तपुर, ठिमी, ललितपुर र काठमाडौंका विभिन्न स्थानमा संगै गएर फोटो लिने, विषयसम्बद्ध व्यक्तिहरूसँग कुराकानी गर्ने र आवश्यक सामग्रीहरू सङ्कलन गर्न सक्दो सहयोग पुऱ्याएर बिर्सी नसक्नु गुन लगाउनु भएकोमा धेरै-धेरै धन्यवाद दिन चाहन्छु । यो शोध पूरा गर्नका लागि प्रेरित गर्ने र आवश्यक पर्ने सामग्रीहरू सङ्कलन गर्न सहयोग गर्नु हुने श्री के. बी. खड्का, श्री हेमराज सुवेदी, श्री भरतमान शाक्य, श्री निर्मलमणि पन्थी, श्री राज्यलक्ष्मी कोइराला, स्व.डा.पुष्पराज चालिसे, डा.कृष्णप्रसाद न्यौपाने, डा.पुरुषोत्तमलोचन श्रेष्ठ, डा.कमला दाहाल, श्री बसन्त नकर्मी, श्रीमती अरुणा नकर्मी, श्री एकराम सिंह, श्री श्यामसुन्दर राजवंशी, श्री खिमबहादुर थापा, श्री खेमानन्द सिग्देल, श्री धर्म महर्जनलाई धन्यवाद दिन चाहन्छु । शोधकै क्रममा सामाग्रीहरु जुटाइदिन सक्दो सहयोग गर्ने श्री मुकुन्द वैद्य, श्री लक्ष्मी प्रसाद कपाली, श्री सुदर्शना दर्शनधारी (कार्की),श्री दिलिपनाथ योगी, श्री शङ्करप्रसाद दर्शनधारी (काठमाडौं), श्री मोहन कपाली, लोकमान कपाली (ठिमी), श्री हिराकाजी कपाली, गङ्गालाल कपाली, रामकृष्ण कपाली (भक्तपुर) र रबिन कपाली (ललितपुर) समेत धन्यवादका पात्र हुनुहुन्छ ।

मलाई शिक्षा-दीक्षा आदिद्वारा समाजमा उभिन सक्ने पार्नु हुने मेरा पूज्य पिता स्व.गाबु कुँवरको चिरस्मरण गर्दै पूजनीय माता नन्द कुमारी कुँवरप्रति हार्दिक आभार व्यक्त गर्दछु । मलाई यो कार्य चाँडो पूरा गर्न सदा सजग गराएर सबै घर व्यवहार बहन गरी अनुकूल वातावरण सिर्जना गरिदिने मेरी श्रीमती मिना कुमारी कुँवरको उल्लेखनीय भूमिका रहेको छ । मेरो कार्यमा सघाई दिने प्रिय छोरा राजु, प्यारी छोरी सुजाता खड्का र कम्प्यूटर टाइपमा थपघट गरी सच्च्याउने र मिलाई दिने प्यारो छोरा सुरेशको महत्त्वपूर्ण योगदान रहेको छ । व्यस्त हुँदा हुँदै पनि यस शोध कार्यमा

बेलाबेलामा स्थलगत अध्ययनदेखि लिएर कम्प्यूटरमा मिलाई प्रिन्टको कार्य गरिदिएर महत्त्वपूर्ण सहयोग गर्नु भएकोमा ज्वाइँ श्री राजकुमार खड्काप्रति ज्यादै आभारी छु । मैले लगातार अध्ययन गरिरहेका बेलामा कहिलेकाहीँ चुलबुल गर्ने बालक्रिडाले आनन्द दिलाएर मलाई जाँगरिलो बनाउने प्रिय नाति सर्वजित खड्काको मायालु व्यवहार स्मरणीय छ । मेरी भदिनी गीताले समेत मेरो शोध कार्य पूरा गर्न गरेको सघाउलाई पनि मैले बिर्सन सक्दिन । यसरी मेरा परिवारका सदस्यहरूको सहयोगले मलाई जुन प्रेरणा र गति प्रदान गर्‍यो त्यसका लागि स्नेहपूर्ण धन्यवाद दिनु आफ्नो कर्तव्य ठान्दछु ।

यस शोधपत्र तयार पार्न समय मिलाएर सक्दो मिहिनेत गरी पाण्डुलिपिलाई कम्प्यूटर टाइप गरिदिने श्री तोयनारायण तिवारीलाई धेरै धन्यवाद दिनुको साथै बेलाबेलामा टाइप गरेर सघाइ दिएकोमा सुश्री देवकी श्रेष्ठ र श्री गोविन्द खतिवडालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, मलाई कुसले (कपाली) सम्बन्धी अन्तर्वार्ताद्वारा जानकारी दिएर सहयोग गर्ने विद्वान्हरूका साथै ती विद्वान् तथा विदुषीहरू जसले जात, जाति, धर्म र संस्कृति सम्बन्धी कृतिहरू सङ्कलन, वर्णन र विश्लेषण गरेका छन् जसको कृतिबाट म लाभान्वित भएको छु, उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोध कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सघाउने र बेलाबेलामा झस्काई अघि बढ्न प्रेरणा दिने शुभेच्छुक, मित्र, स्वजन तथा आफन्तहरू जसको नाम यहाँ समावेस गर्न नसकिए पनि उहाँहरूप्रति हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु । अध्ययनको सिलसिलामा प्रत्यक्ष वा परोक्ष सहयोग पुर्‍याउने त्रि.वि. केन्द्रीय पुस्तकालय, पिपल्स क्याम्पस पुस्तकालय, सरस्वती बहुमुखी क्याम्पस पुस्तकालय, अभिलेखालय पुस्तकालय, आसासफू पुस्तकालय, राजकीय प्रज्ञा–प्रतिष्ठान, सर्वोच्च अदालत, नेपाल-भारत सांस्कृतिक केन्द्र लगायतका पुस्तकालयहरूसँग सम्बद्ध कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

४५–म्हेपी जनमार्ग,
काठमाडौं-१६
असार, २०६३

शोधार्थी

धन बहादुर कुँवर

# विषय-सूची

**क. स.** **पृष्ठ**


शोध निर्देशकको सिफारिस पत्र क
शोध–प्रबन्ध समितिको स्वीकृति पत्र ख
कृतज्ञता ज्ञापन ग
विषय सूची छ


## पहिलो–अध्याय

## शोधको परिचय


१.१ विषय प्रवेश १
१.२ शोधपत्रको अध्यायगत साराँश ३
१.३ अवधारणात्मक सैद्धान्तिक पक्ष ८
१.३.१ जातीय विकासक्रम र हिन्दू वर्ण व्यवस्था ११
१.३.२ नेपाली समाजको बनोट १४
१.३.३ जातिभेद र संस्कृतीकरणको प्रचलन १७
१.३.४ नेपालका जात-जातिको अध्ययन गर्ने क्रम २०
१.४ शोधको औचित्य र महत्त्व २२
१.५ समस्या कथन २३
१.६ शोधको उद्देश्य २४
१.७ भौगोलिक परिचय र आदिम बसोबास २५
१.८ शोधको क्षेत्र तथा सीमा ३१
१.९ सामग्री सङ्कलन र अवलोकन विधि ३२
१.९.१ पुस्तकालयीय अध्ययन ३२
१.९.२ स्थलगत अध्ययन तथा अवलोकन ३३

## दोस्रो–अध्याय

## पूर्वसाहित्य समीक्षा

२.१ पृष्ठभूमि ३५
२.२ पूर्वसाहित्य समीक्षा ३५

## तेस्रो–अध्याय

## नेवारी समाजको बनोट र कुसले जातिको परिचय

३.१ पृष्ठभूमि ६५
३.२ नेवार समुदायको उत्पत्ति ६५
३.३ नेवारी समाजको बनोट ७०
३.३.१ कुसले, कपाली तथा दर्शनधारीको उत्पत्ति सम्बन्धी अवधारणा ७८
३.३.२ नेपालमा यस जातिको ऐतिहासिकता र प्रचलित थरहरू ८९
३.३.३ तान्त्रिक पक्ष र नेवारी समाजमा यस जातिको आवश्यकता ९४
३.३.३.१ चक्रपूजा तथा न्हयन्हुमा ९५
३.३.३.२ महादेवको कापालिक रूप र भिक्षाटन १०१
३.३.३.३ तान्त्रिक झारफुक र अजिको कार्य १०३
३.४ नेवार समाजमा कुसले जातिको महत्त्व १०४

## चौथो–अध्याय

## कुसले जातिकोको सामाजिक संरचना

४.१ पृष्ठभूमि ११२
४.२ नेवारी समाजमा कुसले जातिको सामाजिक स्तर ११३

४.३ कुसले जातिको सामाजिक जीवन शैली १३३
४.३.१ पारिवारिक संरचना र नातागोता १३४
४.३.२ बसोबास १३७
४.३.३ गुठी व्यवस्था १४१
४.३.४ चाडपर्वहरू १४३
४.३.५ शिक्षा तथा स्वास्थ्यको स्थिति, युवा पुस्ताको सोंच, महिला र वृद्ध-वृद्धाको स्थान १४४
४.४ कुसलेका जातिविशिष्ट संस्कारहरू १४८
४.४.१ जन्म तथा नामकरण १५०
४.४.२ नाथबाजा ग्रहण (दीक्षा) वा व्रतबन्ध १५१
४.४.३ विवाह १५४
४.४.४ अन्त्येष्टि तथा किरिया कर्म १५६

## पाँचौं–अध्याय

## कुसलेहरूको धार्मिक जीवन

५.१ पृष्ठभूमि १६६
५.२ कुसले जातिको धार्मिक जीवनको ऐतिहासिकता १६७
५.२.१ कापालिक सम्प्रदाय र यसले काठमाडौं उपत्यकामा पारेको प्रभाव १६८
५.२.१.१ कापालिक सम्प्रदायका विधि र विशेषताहरू १७०
५.२.१.२ नेपालमा कापालिक सम्प्रदायको प्रभाव १७४
५.२.२ गोरखनाथ सम्प्रदाय र नेपालमा यसको प्रभाव १८२
५.२.२.१ गोरखनाथ सम्प्रदाय तथा नाथ सम्प्रदायका विधि र विशेषताहरू १८३
५.२.२.२ नेपालमा गोरखनाथ सम्प्रदायको प्रभाव १८७
५.२.३ कापालिक र गोरखनाथ सम्प्रदायको सामन्जस्य १९६
५.३ कुसलेहरूको धर्म र धार्मिक हैसियत २०२
५.३.१ कुसलेहरूको धर्म २०३
५.३.२ श्री पशुपतिनाथको महास्नान र कुसलेको सम्बन्ध २०८

५.३.३ देवी देवताहरूसंग कुसलेहरूको धार्मिक हैसियत २१५

## छैंठौ–अध्याय

## कुसलेहरूको आर्थिक स्थिति

६.१ पृष्ठभूमि २२१
६.२ मुख्य परम्परागत पेशाहरू २२२
६.२.१ बाजा बजाउनु २२२
६.२.२ देवस्थल, दरबार र चोक सफा गर्नु तथा देवपालाको कार्य गर्नु २३२
६.२.३ दर्शनधारीका रूपमा भिक्षाटन गर्नु, न्हयन्हुमा भाग र महाबलिका भाग लिनु २३७
६.२.४ अन्य सहायक पेशाहरू : तान्त्रिक उपचार, मृत्यु विशेषज्ञको कार्य गर्नु, अजिको कार्य, शङ्ख फुक्नु तथा दान दातव्य ग्रहण २४४
६.३ परिवर्तित वा आधुनिक पेशाहरू २४७
६.३.१ लुगा सिलाइ (सूचीकार) २४८
६.३.२ व्यापार-व्यवसाय २५०
६.३.३ नोकरी २५१
६.३.४ कृषि कार्य २५१

## सातौं-अध्याय

## सामाजिक परिवर्तनको स्वरूप

७.१ पृष्ठभूमि २५४
७.२ सामाजिक परिवर्तन र संस्कृतीकरण २५५

७.३ सन् १९५१ मा प्रजातन्त्रको आगमनपछि कुसले जातिमा आएको सामाजिक परिवर्तन २६३
७.३.१ प्रजातन्त्रको आगमन भएपछि कानुनी रूपमा जातीय भेदभावको अन्त्य र शिक्षा तथा सञ्चारले ल्याएको चेतना २६४
७.३.२ पेशा तथा व्यवसायमा आएको परिवर्तन २६८
७.३.३ पर्व तथा संस्कारगत कार्यमा पारेको प्रभाव २७०
७.४ सन् १९९० को आन्दोलनले, जनजाति तथा दलितहरूमा ल्याएको चेतना र त्यसको प्रभाव २७१
७.४.१ जनजाति आन्दोलन र त्यसको प्रभाव २७३
७.४.२ दलित आन्दोलन र त्यसको प्रभावपछि कुसले जातिको स्थिति २७५

## आठौं-अध्याय

## निष्कर्ष

८.१ निष्कर्ष २८४
८.२ सुझाबहरू २९२

**परिशिष्ट** २९५
(क) अप्रकाशित अभिलेख तथा ताडपत्रहरु
(ख) अप्रकाशित लालमोहर तथा अन्य कागजपत्रहरु

**प्रश्नावली** ३४७
**सन्दर्भ ग्रन्थसूची** ३५५
**चित्र फलक** ३७६
**नक्सा** ४००